# भूउपयोग क्षेत्र अद्यावधिकका लागि तयार गरिएको नीतिगत आधार तथा मापदण्ड

२०८०

**नार्सों गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**धारापानी, मनाङ।**

गाउँ कार्यपालिका बैठकबाट स्वीकृत

# नासौं गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## धारापानी, मनाङ, गण्डकी प्रदेश, नेपाल ।

### भूउपयोग क्षेत्र अद्यावधिकका लागि तयार गरिएको नीतिगत आधार तथा मापदण्ड

भूउपयोग ऐन २०७६, भूउपयोग नियमावली २०७९ तथा भूउपयोग (पहिलो संशोधन) नियमावली २०८० को मापदण्ड समेतका आधारमा नासौं गाउँपालिका, गाऊँ पालिका क्षेत्रको जग्गा वर्गीकरण गरी भूउपयोग क्षेत्र नक्सा अद्यावधिक गर्न भूउपयोग ऐन २०७६ को दफा ५ को उपदफा ४, भूउपयोग नियमावलीको नियम ५ र नियम ८ तथा भूउपयोग (पहिलो संशोधन) नियमावली २०८० को नियम ४ को उपनियम ४ग र ४घ बमोजिम यो मापदण्ड तयार गरी जारी गरिएको छः-

१) संघीय वा प्रदेश आयोजनाले ओगटेको क्षेत्र वा आयोजना सञ्चालन भै नसकेको भएपनि संघीय वा प्रदेश सरकारले घोषणा गरिसकेको क्षेत्रलाई भू-उपयोग क्षेत्र नक्शामा उल्लेख भए वा नभएपनि आयोजनाको नक्सांकन गरि सोही प्रकृति वमोजिमको वर्गमा वर्गीकृत गर्ने। आयोजना कुन वर्गमा पर्छ प्रष्ट नभए नक्सांकन मात्र गर्ने।

२) मन्त्रालयबाट प्राप्त भू-उपयोग क्षेत्र नक्शामा जनाइएको जोखिम क्षेत्र र संवेदनशिल तथा मध्यवर्ती क्षेत्रको जग्गालाई नक्शा वमोजिम नै बर्गीकरण गर्ने। त्यस बाहेक अन्य विपद संबेदनशील क्षेत्र भए नक्सामा विपद (प्रकृति सहितः बाढी, पहिरो,....आदी) जनाउने।

३) हाल पालिकाका क्षेत्रभित्र रहेका मठ-मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापुर्वकाल देखिका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई धार्मिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा बर्गीकरण गर्ने।

४) भू-उपयोग क्षेत्र नक्शामा सार्वजनिक तथा सामुदायिक जनाइएको भूमिलाई सार्बजनिक क्षेत्रमा नै वर्गीकरण गर्ने भू-उपयोग क्षेत्र नक्शामा सार्वजनिक भनी प्रष्ट नभएको तर सार्वजनिक प्रयोजनमा (जस्तैः पार्क, खेलमैदान, समाधीस्थल, फोहोर व्यवस्थापन स्थल, चौतारो, पाटी, सरकारी, सार्वजनिक, सामुदायीक विश्वविद्यालय/ विद्यालय......आदी) रहेको जग्गालाई सार्वजनिक उपयोगको भूमिको रुपमा वर्गीकरण गर्ने।

५) पालिकाको क्षेत्र भित्र रहेका नदि नाला, नहर, निजि बाहेकका ताल-पोखरी र सिमसार लगायतका पानीजन्य क्षेत्रलाई नदि, खोला, ताल, सिमसार क्षेत्रमा बर्गीकरण गर्ने। पहिले नदी बगेको र हाल नदी उकास भई वगर वनेको क्षेत्र समेत।

६) निजि जग्गामा रहेको वन बाहेक सबै वनलाई वन क्षेत्रमा वर्गीकरण गर्ने। आंशिक रुपमा रुखले ढाकेको सरकारी सार्वजनिक जग्गा समेत।

७) जमिनको सतहमा रहेका (ढुङ्गा, गिट्टी, बालुवा) वा जमिन मुनी रहेका (सुन, चाँदी, फलाम, तामा, जस्ता, पेट्रोलियम, ग्यास......आदी) हाल उत्खनन भइरहेको, यस अघि उत्खनन भएको वा फेला परेको क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने।

८) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले औद्योगिक प्रयोजनको लागि छुट्याएको भूमिलाई [औद्योगिक क्षेत्र, विशेष आर्थीक क्षेत्र (SEZ), औद्योगिक ग्राम लगायत] औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने। पालिका स्तरबाट औद्योगिक क्षेत्र छुट्याउन आवश्यक भए क्षेत्र तोकी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने। कुनै वस्तु, पदार्थ (जस्तैः कपडा, औजार, यन्त्र, सजावटका सामान), खाद्यान्न वा पेय पदार्थ (तेल पेल्ने, कुटानी, पिसानी सम्वन्धी मिल), वा निर्माण सामाग्री (ईटा, ब्लक, ह्युमपाइप, फर्निचर) उत्पादन वा प्रशोधन गर्ने स्थललाई औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने। उद्योग संचालन र रेखदेख गर्न निर्मित भवन वा टहरा र उद्योगजन्य फोहोरको व्यवस्थापन स्थल समेतलाई औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने।

९) पर्यटकीय क्षेत्र, व्यापारिक, व्यवसायीक वा मनोरन्जनस्थल रहेको क्षेत्र, बस्तु वा सेवा खरिद विक्री हुने स्थल रहेको घर जग्गा रहेको क्षेत्र, निजी क्षेत्रद्वारा संचालित शिक्षा, स्वास्थ्य वा संचार सेवा उपलब्ध गराउने स्थल रहेको क्षेत्र (सरकारी वा सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरु समेत) लाई व्यवसायीक क्षेत्रमा वर्गीकरण गर्ने।

१०) आवासीय प्रयोजनका लागी बनाइएका घर टहराले चर्चेको जग्गा (आँगन, करेसा र बगैंचा समेत)। वसोवासका लागी आवश्यक भौतिक पूर्वाधार उपलब्ध भएको तोकिएको क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने।

११) बुँदा १ देखी १० वाहेकको क्षेत्रलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने ।

१२) भूउपयोग ऐन र नियमावली तथा यस स्थानीय तहको भूउपयोग परिषदबाट विश्लेषण गरिएको स्थानीय आवश्यकता समेतका आधारमा यस गाउँ पालिकामा रहेका तपसिल बमोजिमका क्षेत्रहरुलाई देहाएबमोजिम क्षेत्रमा वर्गिकरण गरिएको छ।

तपशिलः

## भूउपयोग क्षेत्र वर्गीकरणको सूचि

**नासौं गाउँपालिका** **मनाङ जिल्ला**

**वडा नं.१**

**क. आवास क्षेक्त्र**

१. घेराङ गाउको पूर्वमा दोबाटो, पश्चिममा बालकृष्ण गुरुङको घर , उत्तरमा प्रेमबहादुर गुरुङको घर र दक्षिणमा सूर्यबहादुर गुरुङ को घरको चार किल्ला भित्रको क्षेत्र ।

**ख. व्यवसायिक क्षेत्र**

१. ताल गाउको दक्षिणमा तल्लो तालमा रहेको केशबहादुर गुरुङको घर देखि उत्तरमा खेम बहादुर गुरुङको घर सम्म ताल सडकको दायाँ बायाँ रहेको कित्ताहरु ।

**वडा नं.२**

**क. आवास क्षेत्र**

१. नाचैं गाउँमा आवासको लागि प्रयोग भैरहेको क्षेत्रको चार किल्ला ,पूर्वमा कित्ता नं ३९१ , पश्चिममा कित्ता नं ७९, दक्षिणमा कित्ता नं ४६२ र उत्तरमा कित्ता नं ४०४ भित्रको क्षेत्र ।

**वडा नं.३**

**क. आवास क्षेत्र**

१. खोत्रो पाखा गाउको घर भएका र पुरानो गोरेटो को उत्तर जोडिएका कित्ता ।

**ख. व्यवसायिक क्षेत्र**

१. माथिल्लो धारापानी क्षेत्रको कित्ता नं २,४२ देखि कित्ता नं १९९ सम्मको क्षेत्र
२. धारापानी क्षेत्र को धारापानी - चामे बाटोसंग जोडिएका दायाँ पट्टि पर्ने कित्ता
३. चोक्या,मकईडाँडा बाटो जोडिएका कित्ता ( कित्ता नं १२ देखि साबिक कित्ता नं ५५ सम्म )
४. खोत्रो क्षेत्रको पुरानो गोरेटो बाटो देखि दक्षिण र स्कुलदेखि उत्तर क्षेत्र ।

**वडा नं.४**

**क. आवास क्षेत्र**

१. ओडार गाउको पूर्वमा छ्योतेन भ्यु पोइन्ट देखि पश्चिममा कित्ता नं १२९, दक्षिणमा कित्ता नं ६७ देखि उत्तरमा कित्ता नं ३३ चार किल्ला भित्रको क्षेत्र

२. रुगों डाडाको कित्ता नं १८९ देखि कित्ता नं १७३ सम्म गोरेटो बाटोले छोएको
३. घेलान्चोक गाँउको दक्षिणमा कित्ता नं १८२, देखि उत्तरमा कित्ता नं १८१ सम्म र पश्चिममा कित्ता नं ३९ सम्म

**वडा नं.५**

**क. आवास क्षेत्र**

१. धारापानी- थोचे जोड्ने पुल देखि थोचेमा जोडिएको मोटर बाटोसंग जोडिएका कित्ता ।

**वडा नं.६ र ७**

**क. आवास क्षेत्र**
१. तिल्चे क्षेत्रमा हाल बसोबास भइरहेको क्षेत्र ।

**ख. व्यवसायिक क्षेत्र**
१. भिमथाङ क्षेत्र

२.चौली क्षेत्र
३.सुति क्षेत्र (थोचे बाटोसंग जोडिएका कित्ता
४.गोवा क्षेत्र (कृषि फर्म संचालनमा रहेको बाहेक बाटोमा जोडिएका कित्ताहरू) ।

**वडा नं.८**

**क. आवास क्षेत्र**

१. ताचै वस्ती- पूर्वमा मैजुदिल, पश्चिममा घट्टेखोला, उत्तरमा कित्ता नं ४ र दक्षिणमा कित्ता नं २९(वन) भित्रका क्षेत्र मध्ये कृषि फर्म संचालन बाहेकको क्षेत्र
२.नास्कुफाँटको मोटर बाटोको दायाँबायाँ जोडिएका कित्ताहरु ।

**वडा नं.९**

**क. आवास क्षेत्र**
१. दानाक्यु क्षेत्र - कृषि फर्म संचालन गरिएको बाहेकको क्षेत्र
२. बगरछाप बस्ति - कित्ता नं ७४ को दक्षिण, कित्ता नं ६६ को उत्तर ; कित्ता नं २७ को पूर्व, कित्ता नं १६ को पश्चिम क्षेत्र ।

१३) भूउपयोग क्षेत्र वर्गीकरण भई प्रत्येक कित्ताको विवरण तयार गर्ने क्रममा वर्गीकरण गरिएको भूउपयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गीकरण हुन गई त्रुटि हुन गएमा त्यस्तो त्रुटि संशोधनका लागि सम्बन्धित निकायमा स्थानीय तहले सिफारिस गरी पठाउने।